# धेरै सोधिने प्रश्नहरू

**Two-way pricing FAQ - Nepali Translation**



## मैले मेरो बिल बुझ्न गाह्रो छ। म के गर्न सक्छु?

तपाईंले आफ्नो बिजुली खुद्रा विक्रेतासँग कुरा गर्नु पर्छ। उनीहरूले तपाईंको बिल व्याख्या गर्न सक्छन्।

अधिकांश विक्रेताहरूले भाषा अनुवाद सेवा पनि प्रदान गर्छन्।

## यदि मैले घर वा अपार्टमेन्ट भाडामा लिएको छु भने के हुन्छ?

यदि तपाईं अपार्टमेन्टमा बस्नुहुन्छ भने सम्भवतः तपाईंको छतमा सौर्य प्यानल वा ब्याट्री नहुन सक्छ। यसको अर्थ दुई तर्फी मूल्य निर्धारण तपाईंमा लागू नहुन सक्छ। तर यदि तपाईंले सौर्य प्यानल भएको सम्पत्ति भाडामा लिनुभएको छ भने, आफ्नो खुद्रा विक्रेतासँग जाँच गर्नु राम्रो हुन्छ।

## के म आफ्नो बिजुली खुद्रा विक्रेता छान्न सक्छु?

हो सक्नुहुन्छ। न्यू साउथ वेल्स (NSW) मा तपाईंलाई आफ्नो ऊर्जा खुद्रा विक्रेता छान्ने अधिकार छ। तपाईं आफूलाई सबैभन्दा उपयुक्त खुद्रा योजना पनि छान्न सक्नुहुन्छ। तपाईं energymadeeasy.gov.au मार्फत ऊर्जा खुद्रा विक्रेताहरूको तुलना गर्न सक्नुहुन्छ।

## के सबै बिजुली खुद्रा विक्रेताहरूले दुई तर्फी मूल्य निर्धारण प्रदान गर्नेछन्?

होइन। केही खुद्रा विक्रेताहरूले दुई तर्फी मूल्य निर्धारण प्रदान गर्नेछन् भने केहीले नदिन सक्छन्। दुई तर्फी मूल्य निर्धारण उपलब्ध गराउने कि नगर्ने निर्णय हरेक खुद्रा विक्रेताले आफैं गर्नेछ।

## यसले मेरो बिजुलीको बिलमा कस्तो प्रभाव पार्नेछ?

यसले अधिकांश ग्राहकहरूको बिलमा धेरै प्रभाव पार्नेछ। विक्रेताहरूले निर्धारण गर्ने मूल्य अनुसार , धेरै ग्राहकहरूले पैसा बचत गर्ने सम्भावना छ। साना सौर्य प्रणाली भएका ग्राहकहरूलाई बढी फाइदा पुग्ने सम्भावना हुन्छ।

## ब्याट्री भनेको के हो?

सौर्य प्यानलहरूले सूर्यको ऊर्जा सङ्कलन गरी बिजुलीमा परिवर्तन गर्छन्। ब्याट्रीले यो ऊर्जा भण्डारण गर्न मद्दत गर्छ। भण्डारित ऊर्जा तपाईंलाई आवश्यक पर्दा प्रयोग गर्न सकिन्छ।

## बिजुली ग्रिड भनेको के हो?

ग्रिड भनेको बिजुली सञ्जाल हो जसले पावर स्टेशनहरूबाट बिजुली लिएर तपाईंको घर वा व्यवसायसम्म पुऱ्याउँछ । पावर स्टेशनहरूले बिजुली उत्पादन गर्छन्। खुद्रा विक्रेताहरू बिजुली बेच्ने र तपाईंको बिल व्यवस्थापन गर्ने काम गर्छन्। बिजुली सञ्जालको बीचको भागलाई बिजुली वितरणकर्ता पनि भनिन्छ। Ausgrid सिड्नी, सेन्ट्रल कोस्ट र हन्टर क्षेत्रको बिजुली वितरणकर्ता हो।

**जब तपाईंलाई दोभाषे चाहिन्छ, 131 450 मा फोन गर्नुहोस्**

For more information visit
**ausgrid.com.au/TwoWayPricing**

Ausgrid